# तुर्माखाँद गाउँपालिका

## स्थानीय राजपत्र

| खण्डः १ | संख्याः ७ | मितिः २०७६/०५/०५ |
|---|---|---|

भाग १

तुर्माखाँद गाउँपालिका


## तुर्माखाँद गाउँपालिकाको आर्थिक ऐन, २०७६

### तुर्माखाँद गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

प्रमाणीकरण मिति: २०७६।४।२२

**प्रस्तावनाः** तुर्माखाँद गाउँपालिकाको आर्थिक वर्ष २०७६/०७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,
नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम तुर्माखाँद गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "तुर्माखाँद गाउँपालिकाको आर्थिक ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुर्माखाँद गाउँपालिका क्षेत्रमा तुरुन्त लागू हुनेछ।

२. **सम्पत्ति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ ।

३. **विज्ञापन करः** गाउँपालिका/नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (२) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।।तर, प्रदेश कानुन

स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **बहाल बिटौरी करः** गाउँपालिका क्षेत्रभित्रका घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड(छप्पर) कारखाना, जग्गा वा पोखरी बहालमा लगाउँदा भाडाको दश प्रतिशतका दरले बहाल बिटौरी कर लगाइने र असूल उपर गरिनेछ ।

६. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (४) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

७. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची (५) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

८. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (६) बमोजिम वार्षिक रुपमा व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

९. **कर छुटः**यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१०. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

## अनुसूची १
## सम्पत्ति कर

| क्र.सं. | विवरण |  | करको दर |
|---|---|---|---|
| | देखि | सम्म | |
| १ | रु ५ लाखसम्म | | रु ५० |
| २ | ५००००१ | १०००००० | प्रतिलाख रु २० |
| ३ | १०००००१ | २०००००० | प्रतिलाख रु २५ |
| ४ | २०००००१ | ३०००००० | प्रति लाख रु ३० |
| ५ | ३०००००१ | ४०००००० | प्रति लाख रु ३५ |
| ६ | ४०००००१ | ५०००००० | प्रति लाख रु ४० |
| ७ | ५०००००१ देखि माथि | | प्रति लाख रु ५० |

## अनुसूची २
## बिज्ञापन करः

होर्डिङ बोर्ड तथा भित्ते लेखनको प्रति स्क्वार फुट रु ५ प्रति वर्षका दरले कर लगाइने छ ।

## अनुसूची ३
## घर बहाल करः

यस गाउँपालिका क्षेत्र भित्र रहेका स्थायी संरचनाहरु (जस्तै घर,गोदाम,कम्प्लेक्स आदि) भाडामा लगाएमा भाडा रकमको १० प्रतिशत बहाल कर लाग्ने छ ।

## अनुसूची ४
## पार्किङ शुल्क

| क्र.सं. | विवरण | करको दर रु. | कैफियत |
|---|---|---|---|
| १ | मोटर साइकल/स्कुटर प्रति पटक | २५/- | |

| | | | |
|---|---|---|---|
| २ | जिप/कार/भ्यान/पिकअपप्रति पटक | ५०/- | |
| ३ | मिनी बस/मिनि ट्रक/ट्रेक्टर प्रति पटक | १००/- | |
| ४ | बस/ट्रक/डोजर/टिपर/ट्रेलर तथा अन्य ठुलो सवारी प्रति पटक | ५००/- | |

## अनुसूची ५
## सेवा शुल्क तथा दस्तुरः

| क्र.सं. | विवरण | करको दर रु. | कैफियत |
|---|---|---|---|
| १ | सम्पत्ति मूल्याङ्कन,मूल्यांङ्कन अंकको | ०.१% ले हुन आउने रकम | |
| २ | नागरिकता तथा नागरिकताको प्रतिलिपी सिफारीस | १५०/- | |
| ३ | अंगिकृत नागरिकता सिफारिश | १०००/- | |
| ४ | नाता प्रमाणित | १५०/- | |
| ५ | आर्थिक अवस्था कमजोर तथा विपन्नता प्रमाणित | नि:शुल्क | |
| ६ | आर्थिक अवस्था बलियो तथा सम्पन्नता प्रमाणित | १०००/- | |
| ७ | वहाल करको लेखाजोखा सिफारिश गर्ने | १५०/- | |
| ८ | पिछडिएको क्षेत्रको सिफारिश | १५०/- | |
| ९ | कोठा खोल्न रोहवरमा बस्ने | १५०/- | |
| १० | मोही लगत कट्टाको सिफारिश गर्ने | १५०/- | |
| ११ | जन्म मिति प्रमाणित गर्ने | १५०/- | |
| १२ | व्यापार व्यवसाय नभएको सिफारिश | १५०/- | |
| १३ | मिलापत्रको कागज गराउने निवेदन दर्ता | १५०/- | |
| १४ | विवाह प्रमाणित वा अविवाहित प्रमाणित गर्ने | १५०/- | |

| | | | |
|---|---|---|---|
| १५ | स्वास्थ्य उपचारको सिफारिश | नि:शुल्क | |
| १६ | अंग्रेजी माध्यमको सिफारिश | ५००/- | |
| १७ | घरपाताल प्रमाणित | १५०/- | |
| १८ | व्यक्तिगत विवरण प्रमाणित | १५०/- | |
| १९ | पूर्जामा घर भए नभएको कायम गर्ने सिफारिश | १५०/- | |
| २० | फरक फरक नाम, थर, जन्ममिति एउटै हो भन्ने सिफारिश | १५०/- | |
| २१ | नामथर, जन्म मिति संसोधनको सिफारिश | १५०/- | |
| २२ | जग्गा धनी पुर्जा हराएको सिफारिश | १५०/- | |
| २३ | कागज र मन्जुरीनामा प्रमाणित गर्ने सिफारिश | १५०।०० | |
| २४ | कित्ताकाट गर्ने सिफारिश | १५०/- | |
| २५ | संरक्षक प्रमाणित सिफारिश | १५०/- | |
| २६ | हकवाला वा हकदार प्रमाणित सिफारिश | १५०/- | |
| २७ | नामसारी गर्न सिफारिश | १५०/- | |
| २८ | जग्गाको हक सम्वन्धी सिफारिश | १५०/- | |
| २९ | विपद बाहेकको सर्जमिन सिफारिश | १५०/- | |
| ३० | उद्योग ठाउँसारी गर्न सिफारिश | १०००/- | |
| ३१ | जिवित रहेको सिफारिश | १५०/- | |
| ३२ | पूर्व प्राथमिक विद्यालय सिफारिश | १५००/- | |
| ३३ | विद्यालयको कक्षा थप गर्न सिफारिश | १५००/- | |
| ३४ | जग्गा मूल्यांकनको सिफारिश | ५००/- | |
| ३५ | जग्गाको चार किल्ला प्रमाणित | १५०/- | |
| ३६ | पालन पोषणको सिफारिश | १५०/- | |
| ३७ | विद्यालय ठाउँसारी सिफारिश | १५००/- | |
| ३८ | जग्गा नामसारी सिफारिश | ५००/- | |
| ३९ | अन्य सबै प्रकारका प्रमाणित नेपाल प्रयोजन | ५००/- | |
| ४० | प्रमाणित बैदेशिक प्रयोजन | २०००/- | |
| ४१ | काउन्सील प्रमाणीकरण | ५००/- | |
| ४२ | गैर सरकारी संस्था सिफारिश | १०००/- | |
| ४३ | अन्तराष्ट्रिय गैर सरकारी संस्था सिफारिश | २०००/- | |
| ४४ | समुह दर्ता सिफारिश | ५००/- | |
| ४५ | व्यवसायसम्वन्धि सिफारिश | ५००/- | |

| | | | |
|---|---|---|---|
| ४६ | विद्युत जडानको लागि सिफारिश | ५००/- | |
| ४७ | घर नक्सा पास लोक मार्गमा | २ रुपैया प्रति वर्ग फुट | |
| ४८ | घर नक्सापास अन्य ठाउँमा | १ रुपैया प्रति वर्ग फुट | |
| ४९ | रोहवरमा बसी कागजात गरेको न्युनतम | ५००/- | |
| ५० | परामर्श सेवा दर्ता सिफारिश | २०००/- | |
| ५१ | पशु व्यवसाय फर्म दर्ता | १०००/- | |
| ५२ | मिलापत्र | १०००/- | |
| ५३ | लिखित प्रतिलिपि | ५००/- | |
| ५४ | टेलीफोन नेटवर्क टावर | ५०००/- | |
| ५५ | बोर्डिङ स्कुल अनुमति | १००००/- | |
| ५६ | बोर्डिङ स्कूल कक्षा बृद्धि | १००००/- | |
| ५७ | बोर्डिङ्ग स्कूल ठाँउसारी | १००००/- | |
| ५८ | बोर्डिङ्ग स्कूल वार्षिक आधारभूत तह | ४०००/- | |
| ५९ | बोर्डिङ्ग स्कूल वार्षिक माध्यमिक तह | १००००/- | |
| ६० | बैक तथा वित्तीय संस्था वार्षिक कर क वर्ग | १५०००/- | |
| ६१ | बैक तथा वित्तीय संस्था वार्षिक कर ख वर्ग | १००००/- | |
| ६२ | बैक तथा वित्तीय संस्था वार्षिक कर ग वर्ग | ७५००/- | |
| ६३ | बैक तथा वित्तीय संस्था वार्षिक कर घ वर्ग | ५०००/- | |
| ६४ | घर जग्गा कारोवार प्रति रोपनी | १००/- | |
| ६५ | दण्ड जरीवाना | नियमानुसार | |
| ६६ | अन्य सिफारिश | ५००/- | |
| ६७ | व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र | नि:शुल्क | |
| ६८ | व्यक्तिगत घटना दर्ता ३५ दिन पछि | ५००/- | |
| ६९ | बसाइ सराइ दर्ता | ५००/- | |
| ७० | अन्य प्रतिलिपी प्रमाणित | २५०/- | |
| ७१ | १ लाख सम्मको योजना सिफारिस | १००/- | |
| ७२ | २ लाख सम्मको योजना सिफारिस | २००/- | |
| ७३ | ३ लाख सम्मको योजना सिफारिस | ३००/- | |
| ७४ | ५ लाख सम्मको योजना सिफारिस | ५००/- | |
| ७५ | १० लाख सम्मको योजना सिफारिस | १०००/- | |

| | | | |
|---|---|---|---|
| ७६ | ५० लाख सम्मको योजना सिफारिस | ५०००/- | |
| ७७ | ५० लाख वा सो भन्दा वढिको योजना सिफारिस | १००००/- | |
| ७८ | हल भाडा प्रति दिन | १०००/- | |
| ७९ | व्याकहो लोडर भाडा प्रति घण्टा इन्धन बाहेक (अपरेटर र हेल्परको भत्ता बाहेक) | १३००/- | |
| ८० | व्याकहो लोडर भाडा प्रति घण्टा इन्धन सहित (अपरेटर र हेल्परको भत्ता बाहेक) | २३००/- | |

## अनूसूची ६

### व्यवसाय करः-

यस गाउँपालिका क्षेत्र भित्रको ब्यबसायमा निम्न अनुसार कर लाग्ने छ ।

| क्र.सं. | विवरण | करको दर रु. | कैफियत |
|---|---|---|---|
| १ | चिया,नास्ता,सामान्य किराना पसल,सामान्य कस्मेटिक पसल | ५००/- | |
| २ | रेष्टुरेन्ट,होटल,बार | २०००/- | |
| ३ | खाद्यान्न पसल,किराना पसल | १०००/- | |
| ४ | तयारी पोसाक तथा काँचो कपडा पसल | १५००/- | |
| ५ | स्टेशनरी तथा खेलकुद सामग्री पसल | १५००/- | |
| ६ | मासु पसल | १५००/- | |
| ७ | कपाल काट्ने सैलुन | १०००/- | |
| ८ | ब्यूटी पार्लर | १०००/- | |
| ९ | निर्माण सामग्री पसल | ५०००/- | |
| १० | भाँडा पसल | १५००/- | |
| ११ | मोटर साइकल वर्कसप | १५००/- | |
| १२ | जिप,बस,ट्रक,ट्रेक्टर, वर्कसप | १५००/- | |
| १३ | सामान्य औषधी पसल | १०००/- | |
| १४ | ल्याव,एक्सरे सहितको औषधी पसल | ३०००/- | |
| १५ | सून चाँदी पसल (सानो) | २०००/- | |
| १६ | सून चाँदी पसल (ठुलो) | ३०००/- | |
| १७ | मदिरा तथा सूर्तिजन्य पसल | ३०००/- | |

| | | | |
|---|---|---|---|
| १८ | सामानको थोक बिक्रेता (गल्ला तथा किराना) | २५००/- | |
| १९ | टेलरिङ्ग पसल | १०००/- | |
| २० | निर्माण व्यवसायी इजाजत पत्र नवीकरण (ग र घ वर्ग) | ५०००/- | |
| २१ | निर्माण व्यवसायी इजाजत पत्र नवीकरण (ख वर्ग) | १००००/- | |
| २२ | घट्ट | ५००/- | |
| २३ | ग्रिल उद्योग | २००००/- | |
| २४ | फर्निचर उद्योग तथा व्यवसाय | ५०००/- | |
| २५ | खाद्यउद्योग (समोसा,पाउरोटी,चाउमीन,चाउचाउ) | १०००/- | |
| २६ | लघु जल विद्युत आयोजना प्रति किलो वाट | १५०/- | |
| २७ | कुटानी पिसानी मिल | १०००/- | |
| २८ | कुटानी पिसानी पेलानी मिल | १५००/- | |
| २९ | क्रसर उद्योग | १५०००/- | |
| ३० | अन्य उद्योग तथा व्यवसाय | १०००/- | |
| ३१ | माछा मार्ने अनुमति | ५००/- | |
| ३२ | एग्रोभेट पसल | १०००/- | |
| ३३ | धागो टाँक पसल | ५००/- | |
| ३४ | फलफूल तथा तरकारी पसल | ५००/- | |
| ३५ | पेन्टर तथा साइन वोर्ड लेखन पसल | १०००/- | |
| ३६ | घुम्ती व्यापार अनुमति पत्र | ३०००/- | |
| ३७ | होलसेल रिटेलिङ | १०००/- | |
| ३८ | माछा खरिद विक्री व्यवसाय | १०००/- | |

आज्ञाले,

बासुदेव भण्डारी

प्रमुख प्रशासकीय अधिकृत